का.जि.प्र.का.द.नं. १००/०५९/६०

९ साउन २०८०,
मंगलबार
25 July 2023,
Tuesday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक १८० । पृष्ठ १०
Madhyanha National Daily
www.madhyanhadaily.com

## अवैध सुन कारोबार
# त्रिदेशीय जालो

**एक क्वीन्टल अवैध सुन प्रकरणको जालो चिनियाँ र भारतीय नागरिकदेखि नेपाली अधिकारीहरुसम्म फैलिएको प्रारम्भिक निष्कर्षमा राजस्व अनुसन्धान विभाग छ। हाइ प्रोफाइलको संलग्नताको आशंका चिर्न राजस्व अनुसन्धानले नेपाल प्रहरीको समेत सहयोग मागेको छ।**




**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ८ साउन ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट बाहिरिएको एक क्वीन्टल अवैध सुन प्रकरणको जालो चिनियाँ र भारतीय नागरिकदेखि नेपाली अधिकारीहरुसम्म फैलिएको प्रारम्भिक निष्कर्षमा राजस्व अनुसन्धान विभाग छ ।

राजस्व अनुसन्धान विभागका अनुसार सुन प्रकरणमा अहिलेसम्म एक जना चिनियाँ र एक जना भारतीय नागरिकसहित १६ जनालाई पक्राउ परिसकेका छन् । पक्राउ पर्नेहरुमा रामकुमार भुजेल, दोलखा मेलुङ गाउँपालिका-३, दिलिप भुजेल, दोलखा मेलुङ गाउँपालिका-३, हर्कराज राई, भोजपुर अरुण गाउँपालिका-४, थाप्तेन छिरिङ, भारतिय नागरिक, राजेन्द्र राई (भन्सार एजेन्ट), शोक लामा (ट्याक्सी चालक), जीक्वाङ लिन, राजन श्रेष्ठ, पुष्करराज भट्ट (सञ्चालक ट्रान्स ग्लोबस सर्भिस) कृष्ण श्रेष्ठ, यादव पराजुली (भन्सार एजेन्ट)सुदर्शन गौतम (भन्सार एजेन्ट), रुक्मनी सुब्बा (भन्सार एजेन्ट) सन्तोष चन्द (भन्सार अधिकृत) कुमार ढकाल (जाँचकी त्रिभुवन पृष्ठ २ मा



### ६ वटा बाकसमा भेटिएन सुन

त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट राजस्व अनुसन्धान विभागको टोलीले गत साउन ४ गते ६ वटा शंकास्पद बाकस बरामद गरेको थियो । तस्करीको सुन भएको आशंकामा बरामद सामानमा सुन फेला नपरेको अनुसन्धानमा संलग्न अधिकृतहरुले बताएका छन् ।

बरामद सामान बुढानिलकण्ठस्थित रेडी ट्रेड प्रालि र दोलखा इलेक्ट्रिक ले कार्गोमार्फत ल्याएका थिए । ती बाकसमा दाह्री काट्ने सेभर भटिएको र त्यहाँ सुन फेला नपरेको राजस्व अनुसन्धान विभागका अधिकृतहरु बताउँछन् ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट बाहिरिएको करिब क्वीन्टल सुन रेड ट्रेड प्रालि ले मगाएको थियो । सोही कम्पनीको थप सामान भेटिसँगै थप अवैध सुन भएको आशंकामा विभागले सामान बरामद गरेको थियो । 'तर, उक्त ६ वटै बाकसमा सुन भेटिएन' अनुसन्धानमा संलग्न एक अधिकृतले मध्यान्हसँग भने, 'ती बाकसमा दाह्री काट्ने सेभर रहेछन् ।'

### अनुसन्धानमा नेपाली प्रहरी संलग्न

राजस्व अनुसन्धानले अवैध सुन प्रकरणमा हाइ प्रोफाइलको संलग्नताको आशंकामा नेपाल प्रहरीको समेत सहयोग मागेको छ । राजस्व अनुसन्धान विभागका अनुसार 'अनुसन्धानमा सहयोग गरिदिन आग्रह' गरेर विभागले प्रहरी प्रधान कार्यालयलाई पत्राचार गरेको छ ।

विभागको आग्रह लगत्तै प्रहरी अनुसन्धानमा संलग्न भएको छ । प्रहरी प्रधान कार्यालयले एकजना प्रहरी उपरीक्षक पृष्ठ २ मा

## ६ महिनासम्म
# भेटिएनन् कोइरी





केही बैठकमा सहभागी भएको रेकर्ड छ । तर संसदको सम्पर्कमा नआएकाले माननीय कोइरीले संसदबाट पाउने कुनै प्रकारका सेवा सुविधा पाउनुभएको छैन ।

**एकराम गिरी**
**प्रवक्ता, संसद सचिवालय**

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ८ साउन ।

प्रतिनिधिसभा सदस्य लक्ष्मी महतो कोइरी विगत ६ महिनादेखि संसद सचिवालयसँगै सम्पर्कमा छैनन् । संसद सचिवालयका प्रवक्ता एकराम गिरी भन्छन्, 'उहाँका विषयमा सुरुमै प्रश्न उठेको थियो । केही बैठकमा सहभागी भएको रेकर्ड छ । तर संसदको सम्पर्कमा नआएकाले माननीय कोइरीले संसदबाट पाउने कुनै प्रकारका सेवा सुविधा पाउनुभएको छैन ।' गृह मन्त्रालयबाट पक्राउ गरी कानुनी दायरामा ल्याउन सर्कुलर जारी भए पनि कोइरी प्रहरी सम्पर्कमा नआएका हुन् ।

२०७७ मा जनकपुर उच्च अदालतले फौजदारी अभियोगमा पुर्पक्षका लागि जेल चलान गर्नुपर्ने सजाय सुनाए देखि फरार रहेका कोइरी ४ मंसिर २०७९ मा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा महोत्तरी क्षेत्र नम्बर १ वाट निर्वाचित भएका थिए ।

मधेश आन्दोलनका क्रममा

> कोइरी नेपालमै नरहेको प्रहरीको आशंका छ । कोइरीको खोजतलासको जिम्मेवारी पाएका प्रहरी अधिकृतका अनुसार कोइरीको मोबाइल अफ छ, सामाजिक सञ्जाल प्रयोग गरिरहेका छैनन् ।

२५ भदौ २०७२ मा महोत्तरीमा झडप हुँदा जलेश्वर बेसक्याम्पमा कार्यरत सशस्त्र प्रहरीका असई थमन विक घाइते भएका थिए । उनलाई उपचारका लागि लिएर गएको एम्बुलेन्समाथि आक्रमण भयो । आक्रमणकारीले एम्बुलेन्सबाट उनलाई निकालेर हत्या गरे र एम्बुलेन्स जलाएका थिए । थमन हत्याको आरोप लागेका कोइरी निर्वाचित भएपछि तीन पटक संसद भवन छिरेको रेकर्ड छ । ७ पुस २०७९ मा प्रतिनिधिसभा सदस्यहरुको शपथ ग्रहण कार्यक्रममा सरिक हुन उनी नयाँ वानेश्वरस्थित संसद भवन छिरेका थिए । त्यसपछि २५ पुसमा बसेको प्रतिनिधिसभाको पहिलो बैठक र २६ पुसको दोसो बैठकमा कोइरी उपस्थित थिए ।

तीन पटकसम्म संसद भवन छिरेर निस्कँदा समेत पक्राउ नपरेको भनी चौतर्फी विरोध भएपछि ६ माघ २०७९ मा गृहमन्त्रालयले कोइरीलाई पक्राउ गर्न देशभरका जिल्ला प्रशासनलाई निर्देशन दिएको थियो । तर, अझैसम्म उनी भेटिएका छैनन् । पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# कोरिया रिटर्नीद्वारा आन्दोलनको चेतावनी

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ साउन

दक्षिण कोरियाबाट काम गरी फर्किएका 'रिटर्नी'हरुले आफूहरुलाई तुरुन्त रोजगारका लागि कोरिया पठाउन दबाब दिएका छन् । सोमबार रिपोर्टर्स क्लब नेपालमा पत्रकार सम्मेलन गर्दै उनीहरुले ईपीएसको नयाँ भाषा परीक्षा रोकेर आफूहरुलाई रोजगारका लागि पठाउन माग गरेका हुन् ।

कोरिया रिटर्नीका संयोजक नवीनकुमार राईले अहिले खुलाइएको भाषा परीक्षा तत्काल बन्द गरेर रिटर्नीहरुलाई पठाउनुपर्ने माग गर्दै सरकारले कोरिया रिर्टनीहरुलाई विभेदकारी व्यवहार गरेको आरोप लगाए । आफूहरुले पहिला काम गरेको कम्पनीमा फाइल पठाउनका लागि पटक-पटक आग्रह गर्दा पनि सम्बन्धित निकायबाट सुनुवाइ नभएको उनको दाबी छ । उनले भने, 'रिटर्नीहरुका लागि यसअघिको कम्पनीमा हाम्रो फाइल पठाइयोस् भनेर हामीले माग राखेका छौं । त्यो काम नगरी परीक्षा खुलाइएको छ, यो परीक्षा खुलाएको नोटिस तुरुन्त हटाइयोस् ।'

उनले नयाँ भाषा परीक्षाका लागि खुलाइएको सूचना तुरुन्त नहटाए एचआरडी नेपाल, वैदेशिक रोजगार विभाग र आवश्यक परे कोरियन दूतावास घेर्नेसमेत चेतावनी दिए । संयोजक राईले भने, 'उक्त सूचना नहटाएको खण्डमा एचआरडी नेपाल घेर्नुपर्ने, वैदेशिक रोजगार विभाग घेर्नुपर्ने वा कोरियन एमबेसीलाई घेर्नुपर्ने हो, त्यो हामी गर्छौं । हामी छोड्दैनौं । किनभने हाम्रो भविष्यमाथि खेलबाड गरिएको छ ।'उनका अनुसार अहिले कोरियाबाट फर्किएर जानका लागि पखाइमा रहेकाहरुको संख्या चार हजार पाँच सयभन्दा बढी छ । भाषा परीक्षमा सहभागी भएर, सम्पूर्ण प्रक्रियाहरु पूरा गरी कोरिया जाने अन्तिम चरणमा रहेपनि आफूहरुलाई रोजगारको प्रक्रियामा समावेश नगरिएको पृष्ठ २ मा

### जिट्को सूची सार्वजनिक

**काठमाडौं/मस-** वैदेशिक रोजगार विभागले सन् २०२४ जनवरी २१ तारेखसम्म जापान इन्टरनेशनल ट्रेनिङ कोअपरेशन अर्गनाइजेसन (जिट्को) अन्तर्गत सूचीकृत भइ अध्यावधिक रहेका म्यानपावर कम्पनीको सूची सार्वजनिक गरेको छ । आगामी फेब्रुअरी २१ तारेखसम्म १ सय ४२ संस्था जिट्कोअन्तर्गत सूचीकृत रहेको विभागले बताएको छ ।

विभागले गत हप्ता एक सूचना जारी गर्दै साउन १५ गतेभित्र निवेदन दिएका म्यानपावर कम्पनीको मात्र जिट्को लाइसेन्स नवीकरण हुने बताएको थियो । विभागले जिट्को लाइसेन्स नवीकरण गर्नका लागि दश दिनको समय दिएर साउन ४ गते सूचना सार्वजनिक गरेको हो । पृष्ठ २ मा

# कोशी सरकारविरुद्धको मुद्दा पूर्ण इजलासमा

गत असार २७ गते न्यायाधीश सपना प्रधान मल्लको एकल इजलासले कोशी प्रदेश सरकारका नाममा दूरगामी असर पर्ने गरी काम नगर्न आदेश गर्दै कामचलाउ सरकारको हैसियतमा राखिदिएको थियो ।


**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ८ साउन ।

सभामुख समेतको समर्थनमा बनेको कोशी प्रदेश सरकारविरुद्धको मुद्दाको सुनुवाई सर्वोच्च अदालतको पूर्ण इजलासमै हुने आदेश भएको छ । कोशी प्रदेश सरकार गठन असंवैधानिक भएको भन्ने प्रश्न उठाउँदै दायर गरिएको रिट निवेदनमाथिको सुनुवाइ पूर्णइजलासमा हुने भएको हो । सर्वोच्च अदालतका न्यायाधीशद्वय सुष्मालता माथेमा र तिलप्रसाद श्रेष्ठको संयुक्त इजलासले सोमबार उक्त रिटमाथिको सुनुवाइ पूर्णइजलासबाट हुने आदेश दिएको हो । उक्त रिटमाथि पूर्ण इजलासमा मंलबारदेखि सुनुवाइ हुनेछ ।

'प्रस्तुत निवेदनको विषयवस्तु हेर्दा जटिल कानुनी प्रश्न समावेश भएको देखिएको र त्यसको निराकरण पूर्णइजलासबाट हुन उपयुक्त देखिएकाले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३ (२) (ग) बमोजिम मिति २०८० साउन ९ गते पूर्ण इजलासमा पेश हुने गरी पेशी तोकी नियमन बमोजिम गर्नु', इजलासद्वारा जारी आदेशमा भनिएको छ ।

आइतबार उक्त रिटमाथि सुनुवाइ न्यायाधीशद्वय कुमार रेग्मी र नहकुल सुवेदीको संयुक्त इजलासमा तोकिएको भए पनि न्यायाधीश रेग्मीले आफूले हेर्न नमिल्ने भन्दै अस्वीकार गरेपछि सुनुवाइ हुन सकेको थिएन ।

कोशी प्रदेशमा मुख्यमन्त्री नियुक्ति प्रक्रिया असंवैधानिक भएको उल्लेख गर्दै गत असार २२ गते निर्वतमान पृष्ठ २ मा



मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
९ साउन २०८०, मंगलबार
25 July 2023, Tuesday

सप्तरी डायरी
पिन्टु यादव/मध्यान्ह

# नागरिकता प्रकरणः उपप्रमुख यादव धरौटीमा रिहा



झुठो विवरण खडा गरी नागरिकता लिएको कसुरमा २० दिनदेखि प्रहरी हिरासतमा रहेकी डाक्नेश्वरी नगरपालिकाकी उपप्रमुख मीरा कुमारी यादव धरौटीमा रिहा भएकी छन् ।

जिल्ला अदालत सप्तरीका न्यायाधीश हरिशचन्द्र इङ्नामको एकल इजलासले उपप्रमुख यादवलाई एक लाख रुपैयाँमा धरौटीमा रिहा गर्न आदेश दिएको हो । नागरिकता सम्बन्धी कसुरको आरोपमा प्रहरी सामु उपस्थित भएकी उनलाई सरकारी वकिल र उजुरीकर्ताका कानून व्यवसायीहरुले थुनामा राखेर मुद्दाको पुर्पक्ष गर्न माग गरेका थिए । डाक्नेश्वरी नगरपालिका-४ का ३५ वर्षीय कृष्ण कुमार यादवको उजुरी प्रयाप्त प्रमाण र आधार नभएको खण्डमा जिल्ला प्रशासन कार्यालय सप्तरीले आठ महिनासम्म दर्ता गर्न नमानेपछि उनले उच्च अदालत जनकपुर राजविराज इजलासमा परमादेश माग गरेका थिए । उजुरीमा उपप्रमुख यादव र उनका पति महेन्द्र यादव भारतको बिहार राज्य अन्तर्गत मझारी ग्राम, थाना निर्मली, पञ्चायत मझारी, अञ्चल निर्मली, जिल्ला सुपौल निवासी रहेको उल्लेख छ । कृष्णले २०७९ साउन दोस्रो साता उपप्रमुख यादव, पति महेन्द्र र छोरा इन्द्रजितले साविक औरही गाविस-३ बाट झुठो विवरणको आधारमा नागरिकता लिइ निर्वाचित उपप्रमुख पदमा बसी संवेदनशील न्यायिक समितिको संयोजक पदमा बसेर पदीय दायित्व दुरुपयोग गरिरहेको आरोपसहित उजुरी दिएका थिए ।

उच्च अदालतका न्यायाधीशद्वय हरिप्रसाद भण्डारी र तेजनारायण सिंह राइको संयुक्त इजलासले जेठ ५ गते जिल्ला प्रहरी कार्यालयको नाममा परमादेशको आदेश जारी गरेपछि उनकाविरुद्ध पक्राउ पुर्जी जारी भएको थियो । आफुविरुद्ध पक्राउ पुर्जी जारी भएको समाचार सार्वजनिक भएलगत्तै उनी प्रमाणसहित स्वयं जिल्ला प्रहरी कार्यालय सप्तरीमा हाजिर भएकी थिइन । आफू नेपाली नागरिक रहेको दाबी गर्दै उपप्रमुख यादवले अनुसन्धान सहजताका लागि स्वयं हाजिर भएको बताइन् । निर्वाचनमा पराजित हुनेहरूले नक्कली कागजात पेश गरी झुठा मुद्दा दायर गरेको दावी गर्दै उपप्रमुख यादवले अदालतबाट सत्य स्थापित हुने विश्वास व्यक्त गरिन् । 'नेपाली नागरिक भएको नाताले नेपालको कानूनप्रति आफूले गरेको विश्वास अनुसार नै अदालतले पनि विश्वास गरेर तारेखमा छाडेको छ'उनले भनिन् । मीरा यादवको पक्षबाट बहस गरिरहेका अधिवक्ता रामकुमार यादवले उजुरीकर्ताको कानूनी जिकिर नै मेल नखाने भएकाले आरोपमा दम नरहेको बताए । 'मीरा सप्तरीको मधवापुरमा जन्मेकी र अविवाहिता अवस्थामा नै नागरिकता लिएर नोकरी समेत गरेको छ । नेपाली नागरिक मीराले नेपाल सरकारकै नोकरीमा रहेका सहदेव यादवका छोरा नेपाली नागरिकता समेत लिइसकेका महेन्द्रसँग २०५३ सालमा नै विवाह गरेको छ । उजुरीकर्ताको आरोप कृत्रिम र बनावटी हो'उनले भने ।

# सामूहिक बलात्कारको आरोपमा तीन जना पक्राउ



सप्तरीमा सामुहिक बलात्कारका घटना एकपछि अर्को गरी बाहिरिएका छन् । असार २ ९ गते नाबालिकालाई डरधम्की देखाइ सामुहिक बलात्कार गरेको घटना बाहिरिएको थियो । त्यसको एक हप्तापछि फेरि शनिबार एक महिलामाथि सामुहिक बलात्कार भएको घटना बाहिरिएको छ । शनिबार शम्भुनाथ नगरपालिका-५ की एक ३५ वर्षीया महिलालाई डरधम्की देखाइ तीन जनाले सामुहिक बलात्कार गरेको प्रहरीले जनाएको छ । आइतबार पीडितले लिखित जाहेरी दिएपछि उक्त घटनामा संलग्न रहेको आरोपमा तीन जनालाई तत्कालै नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

जबरजस्ती करणीको आरोप लागेका तीनै जना शम्भुनाथ नगरपालिका-५ मोहनपुरका बासिन्दा हुन् । पक्राउ पर्नेहरुमा २६ वर्षीय शिव कुमार सदा, ३२ वर्षीय श्रीनारायण सदा र ४५ वर्षीय उमेश सदा रहेका छन् । उनीहरुलाई प्रहरी चौकी कठौनाको टोलीले नियन्त्रणमा लिएको हो । उनीहरुविरुद्ध जबर जस्ती करणी कसुरमा अनुसन्धान प्रक्रियाका लागि जिल्ला अदालत सप्तरीबाट ५ दिनको म्याद थप लिइएको प्रहरीले बताएको छ । असार २८ गते डरधम्की देखाइ चारजना पुरुषले कन्चरुप १२ धरमपुरकी १७ वर्षीया नाबालिकालाई अपहरण गरी बलात्कार गरेको सार्वजनिक भएको थियो । सो घटनामा कैलाश पोखरेल, दिपेश सुवेदी, सुदिप भुजेल र मनोज विश्वकर्मालाई इलाका प्रहरी कार्यालय ठेलियाले नियन्त्रणमा लिएको थियो ।

# श्रीमानले गरे श्रीमतीको हत्या, आक्रमणबाट आमा पनि घाइते

सप्तरीमा एक पुरुषले आफ्नै श्रीमतीको हत्या गरेका छन् । सप्तरीको महादेवा गाउँपालिका-२ अकवरपुरमा आइतबार साँझ ३० वर्षीया पार्वतीदेवी खंगको उनकै ३५ वर्षीय श्रीमान रामरुप खंगले हत्या गरेको सप्तरी प्रहरीले जानकारी दिएको छ ।

पटक-पटक श्रीमानको हिंसामा परेकी पार्वतीको बाँसको मुङ्ग्रा र रडले आक्रमण गरी हत्या गरिएको स्थानीयहरुको भनाइ छ । हत्या आरोपित खंगले लागुऔषधसमेत सेवन गर्ने गरेको स्थानीयहरु बताउँछन् ।

घरबाट १६ हजार रुपैयाँ लिए बाहिर जान लागेका खंगलाई उनको आमा, बुबा र श्रीमतीले रोक्न खोजेका थिए । त्यसैको निहुँमा खंगले परिवारका सबैलाई मुङ्ग्रा र रडले आक्रमण गरेको स्थानीयले बताए । खंगको आक्रमणबाट उनकी ६२ वर्षीया आमा सन्तोलिया देवी खंग गम्भीर घाइते भएकी छिन् । घाइते सोन्तोलियाको राजविराजस्थित छिन्नमस्ता अस्पतालमा उपचार भइरहेको छ । आइसीयुमा उपचाररत उनको टाउको फुटेर अत्यधिक मात्रामा रगत बगेकाले रगत चढाउनुपर्ने अवस्था भएको चिकित्सकले बताएका छन् । उनका लागि 'ओ पोजेटिभ' रगतको खोजी भएपनि उपलब्ध नभएको अस्पतालका आइसीयु इन्चार्ज अमन चौरसियाले बताए ।

परिवारका सबै सदस्यमाथि आक्रमण गरी भाग्दै गरेका आरोपित खंगलाई स्थानीयहरुले समातेर प्रहरीलाई बुझाएका थिए । पार्वतीको शव पोस्टमार्टमका लागि राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा राखिएको छ । खंगविरुद्ध कर्तव्य ज्यान मुद्दमा कारबाही प्रक्रिया अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी निरीक्षक प्रमोद खड्काले जानकारी दिए ।

## अवैध...

विमानस्थल भन्सार कार्यालय) (सरोज श्रेष्ठ, नायब सुब्बा एक्स-रे हेर्ने त्रिभुवन विमानस्थल भन्सार कार्यालय) छन् ।

असार ३० गते रेडी ट्रेड्सले हङकङबाट ल्याएको सुन साउन २ गते त्रिभुवन अन्तर्राष्ट्रिय कार्यालयबाट भन्सार जाँचपास भएको थियो । लगत्तै, राजश्व अनुसन्धान विभागले सिनामंगलबाट ट्याक्सी चालकसहित सुनसहितको ब्रेक प्याड बरामद गरेको थियो । त्यसपछि यस प्रकरणमाथिको अनुसन्धानका क्रममा १६ जना पक्राउ परेका हुन् ।

## अनुसन्धानमा...

(एसपी)लाई अनुसन्धानमा खटाएको छ । साउन ३ गते त्रिभुवन विमानस्थल भन्सार कार्यालयको गेट बाहिरबाट बरामद गरिएको सुन करिब एक क्वीन्टल रहेको राजस्व अनुसन्धान विभागका महानिर्देशक नवराज ढुंगानाले बताइएका छन् । सुन हङकङबाट मोटरसाइकल र स्कुटरको ब्रेक प्याड बनाएर ल्याइएको थियो । राजस्व अनुसन्धान विभागले बरामद ८ पोका सुन राष्ट्रबैंकको टक्सार महाशाखामा पठाएको छ ।

राष्ट्र बैंकका अधिकारीहरुका अनुसार गालेपछि मात्रै सो सुनको परिमाण तौलिन मिल्छ । तर, गाल्ने प्रक्रिया शुरु गर्न राजस्व अनुसन्धान विभागको पत्र पठाउनुपर्छ । विभागको पत्र आएपछि मात्रै प्रक्रिया अघि बढाइने राष्ट्र बैंकको टक्सार महाशाखामा निर्देशक थानेश्वर आचार्यले बताएका छन् ।

## ६ महिनासम्म...

प्रहरी प्रधान कार्यालय काठमाडौंका प्रहरी नायव महानिरिक्षक कुबेर कडायत भन्छन्, 'उहाँ (लक्ष्मी महतो कोइरी)का सन्दर्भमा खोजतलास जारी छ ।'

कोइरी नेपालमै नरहेको प्रहरीको आशंका छ । कोइरीको खोजतलासको जिम्मेवारी पाएका प्रहरी अधिकृत भन्छन्, 'कोइरीको मोबाइल अफ छ, सामाजिक संजाल प्रयोग गरिरहेका छैनन् ।' कोइरी नेपालमा नरहेको आशंकासहित सम्भावित मुलुकका सुरक्षा निकायसँग समन्वय गरिरहेको छ ।

फरार सांसद

कोइरीको निलम्बनका लागि संसद सचिवालयलाई प्रहरी प्रधान कार्यालयले दुई पटकसम्म पत्र पठाउनु परेको थियो । प्रहरी प्रधान कार्यालयले ७ पुसमा कोइरी फरार रहेको भनी संसद सचिवालयका महासचिवलाई सम्बोधन गरेर पत्र पठाएको थियो । उक्त पत्र प्रतिनिधिसभा नियमावली २०७९ नबन्दै आएको भनी सभामुख देवराज घिमिरेले कार्यान्वयन गरेनन् । त्यसपछि ७ चैत २०७९ मा दोस्रो पटक पत्र पठाएको थियो । दोस्रो पत्र पनि तुरुन्तै कार्यान्वयन भएन ।

प्रहरीको पत्र अनुसार कारबाही नभएको भनी संसदमा समेत प्रश्न उठेको थियो । त्यही बेला कोइरीले आफू बिरामी भएकोले उपचारमा रहेको भनी विदा स्वीकृतिका लागि आग्रह गरेका थिए ।

सभामुख घिमिरेका अनुसार प्रतिनिधिसभाको पहिलो अधिवेशनमा कोइरी निरन्तर २१ वटा बैठकमा अनुपस्थित थिए । १० वटा भन्दा बढी बैठकमा अनुपस्थित हुने भए अग्रिम सूचना दिनुपर्ने व्यवस्था छ । यस व्यवस्था अनुसार बिरामी परेकोले उपचारमा रहेको भनी अनुपस्थित हुने सूचना दिएको भन्दै सभामुख घिमिरेले स्वीकृतिका लागि १५ वैशाख २०८० पेश गर्दा प्रतिनिधिसभाले कोइरीको अनुपस्थितिको सूचना फिर्ता गरिदिएको थियो ।

संसदले बिदा स्वीकृत नगरेपछि प्रहरीले समेत दुई पटक पत्र पठाइसकेको पृष्ठभूमिका आधारमा १९ वैशाख २०८० मा कोइरी निलम्बनमा परेका थिए ।

## कोरिया...

भन्दै उनले आपत्ति जनाए । कोरिया रिटर्नी टेकबहादुर थापाले ईपीएस सिस्टममा आफूहरुलाई विभेद गरिएको बताए । आफूहरु एक कार्यकाल कोरिया बसेर नेपाल आएपछि नयाँ समूहसँगै फेरि पनि भाषा परीक्षा पास गरेपनि रोजगारको प्रक्रियामा समावेश नगरिएको भन्दै उनले आपत्ति जनाए । अहिले ९८ प्रतिशत नयाँलाई पठाएर २ प्रतिशतमात्रै रिटर्नीहरुलाई समावेश गरिएको थापाको भनाइ छ ।

'कोरिया भाषा पास गरिसकेपछि रोस्टरमा बस्ने हो । रोस्टरमा दुई हजार मान्छे हुँदाहुँदै किन नयाँ भाषा परीक्षाका लागि फारम खोलियो ? अहिले नेपाल सरकारको मातहतमा र कोरियाको एचआरडी मातहतमा सिविजी भन्ने कोरिया रिटर्नीहरुका लागि भाषा परीक्षा फारम खोलिएको छ । त्यो फारम किन खोलिएको हो ? हामी यहाँ पास भएर बसेकै छौं । यो विषय नेपाल सरकारले गम्भीररुपमा लिइदिनुपर्‍यो,' उनले भने । पत्रकार सम्मेलनमा कोरिया रिटर्नीहरु निर्मल राना मगर, नारायण प्रसाद भुसाल, विनोद शाक्यलगायतले राज्यले नयाँ र रिटर्नीहरुबीच विभेद गरेको आरोप लगाए ।

## जिट्को...

नवीकरण हुन चाहने म्यानपावर कम्पनीहरुले निवेदनका साथमा नवीकरण दस्तुरबापत दश हजार रुपैयाँ बुझाएको रसिद, अघिल्लो नवीकरण मिति खुलेको सूचीकरण प्रमाणपत्रको प्रतिलिपि, जिट्कोमार्फत गत आर्थिक वर्ष २०७९/०८० मा कामदार पठाएको विवरण, कम्पनी रजिष्ट्रारको कार्यालयमा गत आर्थिक वर्षसम्म अध्यावधिक भएको कागजात र कर चुक्ता प्रमाणपत्र तथा इजाजतपत्रको प्रतिलिपि पेश गर्नुपर्ने सूचनामा उल्लेख छ ।

प्रशिक्षार्थी कामदार जापान पठाउन पाउने भएपछि शुरुमा करिब साढे दुई सय म्यावापर कम्पनी सूचीकृत भएका थिए । विभागमा सूचीकरण हुने तर जापानमा कामदार पठाउन नपाउने भएपछि धेरै म्यानपावर कम्पनीहरुले जिट्कोतर्फको लाइसेन्स नवीकरण गराउन छोड्दै आएका छन् ।

## कोशी...

मुख्यमन्त्री हिक्मतकुमार कार्कीले सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेका थिए । उक्त रिटमाथिको प्रारम्भिक सुनुवाइ गर्दै गत असार २७ गते न्यायाधीश सपनाप्रधान मल्लको एकल इजलासले कोशी प्रदेश सरकारका नाममा दूरगामी असर पर्ने गरी काम नगर्न आदेश गर्दै र लिखित जवाफ पेस गर्न आदेश गरेको थियो ।

**मोटरसाईकल हरायो**

मिति २०८०/०४/०६ गते शनिवारका दिन का.म.न.पा. वडा नं. १५ स्थित भगवान पाउ भन्ने ठाउँमा स्वयम्भूको गेटको दायाँ तर्फ रहेको पार्किङबाट **बा.प्र. ०२-०३७ प ३५८८** नम्बरको कालो/रातो रङ भएको **पल्सर २२० सि.सि. ABS** मोटरसाइकल हराएको हुँदा देख्नुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**सवारी धनी** : **बिजय कुमार सिंह**
**ईन्जिन नं** : DKXCNK36252
**च्यासिस नम्बर** : MD2A13EX9NCK81952
**सम्पर्क नम्बर** : **९७६२२६३८३८**

**प्रादेशिक सडक डिभिजन कार्यालय, धादिङ्ग**

**आर्थिक प्रस्ताव (PRICE BID) खोल्ने सम्बन्धी पुनः सूचना**

**(पत्रिकामा प्रकाशित मितिः २०८०/०४/०९)**

प्रदेश सरकार, प्रादेशिक सडक डिभिजन कार्यालय, धादिङ्गबाट मिति २०८० अषाढ २९ गतेको "आर्थिक" राष्ट्रिय दैनिक पत्रिकामा Contract No: PRDODHA/W/NCB/MYR06/2079/80 को आर्थिक प्रस्ताव खोल्ने सूचना प्रकाशित गरिएकोमा बोलपत्रदाता Adhikari–Karki JV, Besisahar–8, Lamjung ले बोलपत्र मूल्याङ्कन पुनरावलोकनको लागि Online उजुरी दर्ता गराएकोमा सो उपर पुनरावलोकन गर्दा तपशिल बमोजिमका बोलपत्रदाताहरुको प्राविधिक बोलपत्र सारभूतरुपमा प्रभावग्राही तथा प्राविधिक रुपमा योग्य रहेको हुदा ITB25.9 तथा सार्वजानिक खरिद नियमावली, २०६४ को नियम ३१(ङ) को उपनियम ५ बमोजिम निजहरुको आर्थिक प्रस्ताव तपशिल बमोजिमको स्थान, मिति र समयमा खोलिने हुँदा ITB25.7 / ITB25.8 बमोजिम सम्बन्धित सबैको जानकारीको लागि पुनः यो सूचना प्रकाशित गरिएको छ ।

**सारभूतरूपमा प्रभावग्राही तथा प्राविधिक रूपमा योग्य बोलपत्र पेश गर्ने बोलपत्रदाताहरूः**

| Project | Bidders |
|---|---|
| Road Connecting Lisne Khola to Rubi Valley Rural Muncipality (0+000 at Lisne Bridge to 4+450 Km)<br>Contract No:<br>PRDODHA/W/NCB/MYR06/2079/80 | 1. Jwalamukhi Construction, Neelakantha-3, Dhading<br>2. H.M.-Shaurya Jyoti-Gumda Joint Venture, Anamnagar, Kathmandu<br>3. A.D. Builders, Bouddha-6, Kathmandu<br>4. Adhikari-Karki JV, Besisahar-8, Lamjung |

**आर्थिक बोलपत्र खोलिने**

**स्थानः** प्रादेशिक सडक डिभिजन कार्यालय, धादिङ्ग **मितिः** २०८०/०४/१५ **समयः** २:०० बजे

**भगवतीमाई गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**पगनाथ, दैलेख**

**कर्णाली प्रदेश, नेपाल**

**शिलवन्दी बोलपत्रको आह्वानको सूचना**

**(प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/०४/०९)**

भगवतीमाई गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय दैलेख यस गाउँपालिका अन्तर्गत निम्न निर्माण कार्य गर्नुपर्ने भएकोले ई-बिड मार्फत रितपूर्वकको शिलवन्दी बोलपत्र आह्वान गर्दछ ।

**तपसिलः**

| ठेक्का नं. | कामको विवरण | बोलपत्र जमानत | बोलपत्र खरिद दस्तुर |
|---|---|---|---|
| BRM/HICW/NCB/01/2080/81 | भगवतीमाई आधारभूत अस्पताल (१० वेड) पूर्वाधार निर्माण कार्य, वडा नं. ३ | ४०,००,०००.० | १०,०००.०० |

१. बोलपत्र पेश गर्ने, खोलिने अन्तिम म्याद र बोलपत्र जमानतः

| बोलपत्र पेश गर्ने अन्तिम मिति | | बोलपत्र खोलिने मिति | | बोलपत्र फाराम खरिदको लागि बैंक खाता | | | बोलपत्र जमानत दाखिला गर्ने बैंक खाता | | |
|---|---|---|---|---|---|---|---|---|---|
| मिति | समय | मिति | समय | खाताको नाम | खाता नम्बर | बैंक र शाखा | खाताको नाम | खाता नम्बर | बैंक र शाखा |
| २०८०/०५/०७ गते | १२:०० बजे भित्र | २०८०/०५/०७ गते | २:०० बजे | भगवतीमाई गाउँपालिका दैलेख । GAM1.1 ANTARICK RAJASHWO KHATA | 1510109328800091 | प्रभू बैंक भगवतीमाई शाखा | भगवतीमाई गाउँपालिका दैलेख GAM1.1 DHAURITI KHATA | 1510109328800041 | प्रभू बैंक भगवतीमाई शाखा |

२. Only eligible bidders with the following key qualifications should participate in this bidding:
*Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: 80 millions*
*Minimum Work experience of similar size and nature: 86 millions*

**थप सूचनाको लागि मोबाईल नं. /९८५८०२०८९९/ ९८५८०२०७९९ सम्पर्क राख्नुहोला । विस्तृत सूचनाको लागि भगवतीमाई गाउँपालिकाको कार्यालय दैलेखको वेवसाइट** www.bhagawatimaimun.gov.np **वा खरिद अनुगमन कार्यालयको वेवसाइट** www.bolpatra.gov.np/egp **मा हेर्न सकिनेछ ।**

**प्रमुख प्रशासकीय अधिकृत**

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८०/०४/०९**

**जाजरकोट कुशे मालिका यातायात प्रा.लि.** को मिति २०८०/०१/२७ गते मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **जाजरकोट डोल्पा यातायात प्रा.लि. (प्रा.लि. नं.: १९०१४६)** कायम गर्ने गरी मिति २०८०/०२/०३ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## हुम्ला डायरी
ओबराज शाही/मध्यान्ह

# अनधिकृतरुपमा औषधि पसल सञ्चालन



हुम्लामा अनधिकृतरुपमा अधिकांश औषधि पसलहरु सञ्चालन गरेको पाइएको छ। सदरमुकाम सिमकोट बजारका औषधि पसलहरु सहायक प्रमुख जिल्ला अधिकारी अमृत प्रसाद सुवेदीको नेतृत्वमा अनुगमन गरिएको छ। अनुगमनका क्रममा बजारमा भएका चार वटा औषधि पसलमध्ये तीन वटा औषधि पसलको लाइसेन्सनै नभएको पाइएको छ। औषधि पसल दर्ता, प्यान नम्बर, लाइसेन्स, दररेट, व्यवस्थापन जस्ता कुरा खोज्दा औषधि पसलमा बसेका सञ्चालकले सबै कुरा भएको तर आफूसँग अहिले नभएको बताएका थिए। औषधि पसलमा जुन व्यक्ति बस्नुपर्ने हो, त्यो व्यक्ति नभएको पाइएको अनुगमनमा सहभागी जिल्ला स्वास्थ्य कार्यालयकी बरिष्ठ अनमी सरिता बोहराले बताइन्। बजारमा भएका चार वटा औषधि पसलमध्ये एक फार्मेसीमा मात्र नियम अनुसार चलाएको र अन्य तीन वटा नियमभन्दा बाहिर रहेर चलाइएको पाइएको सिमकोट गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख नरबहादुर भण्डारीले बताए। औषधि हरेक दिन, हरेक व्यक्तिलाई चाहिने हुनाले यसमा नियम विपरित चलाउँदा समस्या हुने हुनाले सोमबार अनुगमन गरिएको सहायक प्रमुख जिल्ला अधिकारी सुवेदीले बताए।

सुवेदीका अनुसार पूरा विवरण नभएका औषधि पसललाई एक हप्ताको समय दिएर पूरा विवरण जिल्ला प्रशासन कार्यालय वा सिमकोट गाउँपालिका स्वास्थ्य शाखामा बुझाउन निर्देशन दिइएको छ। यदि अटेरी गरेको पाहिए औषधि पसलनै सिल गरिने सहायक प्रमुख जिल्ला अधिकारी सुवेदीले बताए। सिमकोट गाउँपालिका स्वास्थ्य शाखाको आयोजनामा गरिएको अनुगमनमा सहायक प्रमुख जिल्ला अधिकारी, सिमकोट गाउँपालिका स्वास्थ्य शाखा प्रमुख, जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख तथा प्रतिनिधि, सुरक्षाकर्मी र पत्रकार हरुको सहभागिता रहेको थियो।

# किसानलाई उन्नत जातको बाख्रा वितरण



हुम्लामा १२ जना कृषकलाई आर्थिक उपार्जनका लागि बाख्रा उपलब्ध गरिएको छ। हुम्लाको सिमकोट गाउँपालिका वडा नं.१ र २ का न्यून आयश्रोत भएका कृषकलाई प्रति कृषक ८ वटाको दरले बाख्रा वितरण गरिएको हो।

सिमकोट गाउँपालिका पशु शाखाको आर्थिक वर्ष ७९/८० को वार्षिक लक्ष्य अनुसार उक्त बाख्रा वितरण वितरण गरिएको हो। ७० प्रतिशत गाउँपालिका पशु शाखाको आर्थिक सहयोग र ३० प्रतिशत कृषकको लगानी रहेको सोही गाउँपालिकाका पशु शाखा प्रमुख महेन्द्र बहादुर शाहीले बताए। बाख्रा पाउने कृषकमा सिमकोट गाउँपालिका वडा नं १ का छिरिङ याङछ्याक लामा, छिरिङ लामा, वडा नं २ का भैरबहादुर बोहरा, ममता बोहरा लगायत १२ जना बाख्रा पालक कृषक रहेका छन्। उन्नत जातका बाख्रा पाएपछि बाख्राको हेरचाह गरी राम्रोसँग पालन गर्ने कृषक भैरबहादुर बोहराले बताए।

बाख्रा वितरण कार्यक्रममा सिमकोट गाउँपालिका वडा नं.६ का वडा अध्यक्ष नन्द रावतले अनुदानमा दिएका बाखालाई अपनत्वको भावना जगाइ बाखाको रेखदेख गर्न आग्रह गरे। उनले यस क्षेत्रलाई बाख्रा पालन पकेट क्षेत्रको रुपमा विकास गर्न पनि आग्रह गरे। बाख्रा वितरण कार्यक्रममा सिमकोट गाउँपालिका वडा नं.५ का वडा अध्यक्ष चिन रावत प्रमुख अतिथि रहेका थिए भने विशेष आतिथि सिमकोट गाउँपालिका पशु शाखा प्रमुख महेन्द्रबहादुर शाही रहेका थिए।


## JAPAN र KOREA मा काम गर्न जान लाग्नुभएको छ ?

यहाँ JAPAN र KOREA मा काम गर्न जाने नेपाली श्रमिकहरुका लागि विशेष दुईदिने ओरियन्टेशन क्लासका साथै मेडिकल जाँच पनि गरिन्छ ।

Kathmandu Orientation (P) Ltd.
Nippon Medical Center (P) Ltd.
नयाँ बसपार्क, माछापोखरी चोक, काठमाडौं
सम्पर्क: 01-4958923 / 01-4952044
मो: 9741818340 ( WhatsApp/Viber )


## ललिता निवास जग्गा प्रकरण

# दुई नक्कली मोही पक्राउ
# पक्राउ पर्नेको संख्या २२ पुग्यो

मध्यान्ह संवाददाता
काठमाडौं, ८ साउन



बालुवाटारस्थित ललिता निवास जग्गा प्रकरणमा थप दुई जनालाई प्रहरीले पक्राउ गरेको छ। प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) ले सोमबार ललितपुरबाट दुई जना नक्कली मोहीलाई पक्राउ गरेको हो।

पक्राउ पर्नेमा कुपण्डोलका सञ्जय महर्जन र सकुलानन्द महर्जन रहेको सीआईबीले जनाएको छ। उक्त प्रकरणमा हालसम्म प्रहरीले २२ जनालाई पक्राउ गरिसकेको छ।

पक्राउ परेकामध्ये सचिव कृष्णबहादुर राउतलाई सर्वोच्च अदालतले थुनामुक्त गर्न आदेश दिएको छ। गएको शुक्रबार न्यायाधीश प्रकाशकुमार ढुंगाना र नहकुल सुवेदीको संयुक्त इजलासले सचिव राउतलाई देशबाहिर जान नपाउने गरी तारेखमा छाड्न आदेश दिएको हो। सर्वोच्चले राउतलाई थुनामै राखेर अनुसन्धान गर्नुपने आधार, कारण र औचित्य नदेखिएको बताएको छ। सचिव राउत असार २४ गते त्रिभुवन विमानस्थलबाट पक्राउ परेका थिए। राउतसहित भाटभटेनी सञ्चालक मिनबहादुर गुरुङ, निर्वाचन आयोगका पूर्व आयुक्त सुधिर कुमार शाह र मालपोतका पूर्व कर्मचारी धर्मप्रसाद गौतमले बन्दी प्रत्यक्षीकरणको रिट दायर गरेका थिए। अहिले २१ जनालाई थुनामा राखेर सीआईबीले अनुसन्धान गरिरहेको छ। भाटभटेनी सञ्चालक गुरुङसहित मालपोतका पूर्व कर्मचारी, समर्जङ कम्पनीका पूर्व कर्मचारी र विचौलियाहरु छन्। धर्मप्रसाद गौतम, सुधिरकुमार शाह, गोपाल कार्की, शिवजी भट्टराई, घमन कुमार कार्की, बाबुराजा महर्जन, रमेशकुमार पोखरेल, देवनारायण महर्जन, लोकहरि घिमिरे, धुर्वप्रसाद अर्याल, नारायण राज मिश्र, योगराज पौडेल, रुद्रकुमार श्रेष्ठ, बालकृष्ण श्रेष्ठ, विनोदप्रसाद पौडेल, केशव तुलाधर, अरुणकुमार श्रेष्ठ र सिपिका खेतान पनि हिरासतमा छन्। सीआईबीले उनीहरुविरुद्ध कीर्ते र संगठित अपराधको कसुरमा हिरासतमा राखेर अनुसन्धान गरिरहेको छ।

# धार्मिक पर्वको बहानामा अराजकता फैलाएको भन्दै परिषद्को आपत्ति

**काठमाडौं/मस-** विश्व हिन्दू परिषद् नेपालले देशका विभिन्न स्थानहरूमा मुस्लिम समुदायको धार्मिक पर्व मुहर्रम मनाउने क्रममा आक्रामक शैलीमा हातहतियार प्रदर्शन गर्ने गरिएको भन्दै गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। परिषद्का अध्यक्ष टिका बहादुर पहारी र महासचिव जितेन्द्र कुमार सिंहले सोमबार एक विज्ञप्ति जारी गर्दै ध्यानाकर्षण गराएका हुन्।

विज्ञप्तिमा भनिएको छ, 'तरवार, भाला, गँराश आदि जस्ता हात हतियार लगायत अन्य आगोजन्य सामग्रीसहित मुहर्रम पर्वको बहानामा हरेक वर्ष देशका विभिन्न स्थानहरूमा हिन्दुहरुको जनधनमा क्षति पुऱ्याउँदै शक्ति प्रदर्शन गर्दै आएको बाबजुद प्रहरी प्रशासनद्वारा वेवास्ता गरिनु अत्यन्तै गम्भीर एवं चिन्ताजनक विषय हो। बहुसंख्यक हिन्दूहरु बसोबास गर्ने मुलुकमा एक समुदाय विशेषले पर्व एवं स्वतन्त्रताको नाममा हिन्दूविरुद्ध शक्ति प्रदर्शन गर्दै हिन्दूहरूलाई तर्साउन खोज्नु दुर्भाग्यपूर्ण रहेको छ।' परिषद्ले धार्मिक पर्वको नाममा अहिलेदेखि नै हातहतियार प्रदर्शन गर्दै अराजकता फैलाउने तत्वहरुमाथि यथाशीघ्र प्रतिबन्ध लगाउन र कानूनी कारवाही गर्न सम्बन्धित निकाय समक्ष माग गरेको छ। विगतमा श्रीराम नवमी, श्री हनुमान जन्मोत्सव शोभा यात्रा आदिलाई एक समुदाय विशेषको धार्मिक स्थल क्षेत्रमा प्रवेश निषेध गरिए जस्तै मुहर्रम पर्वको बहानामा हातहतियारसहित निकालिने यात्रा, समूहलाई हिन्दूहरुको पवित्र धार्मिक ऐतिहासिक स्थलहरु जानकी मन्दिर, राम मन्दिर, रणभूमी मैदान (बाह्रविघा) आदिमा प्रवेष निषेध गराइ सामाजिक सद्भाव कायम राख्न सम्बन्धित सम्पूर्ण पक्षलाई परिषद्ले अपील गरेको छ। धार्मिक पर्वको बहानामा हाम्रा धार्मिक स्थलको गरिमामा आँच पुऱ्याउन खोज्ने अराजक झुण्डहरुको क्रियाकलापप्रति सतर्क रहन सम्पूर्ण सनातन हिन्दू धर्मावलम्बीलाई परिषद्ले विशेष आह्वान समेत गरेको छ।


## QATAR मा रोजगारको अवसर | १. कम्पनी: Mademoiselle Beauty Salon
शहर: Qatar,Doha

पूर्व स्वीकृत मिति:: २०८०/०४/०८ चलानी नं.: ६०२०५१२१ LT. No.: 289583

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician | 0 | 1 | स. काममा दक्ष | 1700 | ६१,०४७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, सामाखुसी, काठमाडौंमा २०८० साउन १६ गते (1 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. कामामा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं. १२१४/०७३/०७४
J.S.N. International Pvt. Ltd.
P.Box No.: 9883, Samakhusi, Ranibari, Kathmandu, Tel : 01- 4359573, 01- 4364548
E-mail-jsninternational1@gmail.com, Web.: jsninternational.com.np

## कतारमा वैदेशिक रोजगारको अवसर

१. कम्पनी : AL HEERA LADIES SALOON कम्पनी : Doha
पूर्व स्वीकृत मिति: २०८०/०४/०८ चलानी नं.: ६०२०५१२७ LT. No.: 289892

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautican | 0 | 7 | सम्बन्धित काममा दक्ष | 1700 | ६१,०४७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cashier | 0 | 3 | | 1300 | ४६,६८३ | | | | | | | |
| 3. | Hair Beautican | 0 | 1 | | 1700 | ६१,०४७ | | | | | | | |
| 4. | Hanna Beautician | 0 | 3 | | 1700 | ६१,०४७ | | | | | | | |
| 5. | Market Representative | 0 | 1 | | 2200 | ७९,००२ | | | | | | | |
| 6. | Receptionist | 0 | 2 | | 1100 | ३९,५०१ | | | | | | | |
| 7. | Supervisior | 0 | 2 | | 2500 | ८९,७७५ | | | | | | | |

२. कम्पनी : OYYO REAL ESTATE शहर : Doha
पूर्व स्वीकृत मिति: २०८०/०४/०८ चलानी नं.: ६०२०५१२६ LT. No.: 289893

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Marketing Representative | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2200 | ७९,००२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Receptionist | 1 | 1 | | 1200 | ४३,०९२ | | | | | | | |
| 3. | Sales Supervisor | 1 | 0 | | 2500 | ८९,७७५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० साउन १६ गते (1 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Gov. Lic. No.: 1405/074/075
Chandra Kamana Manpower Pvt. Ltd.
Ratopul, Gaushala, Kathmandu, Nepal, Tel : 01--4542876, 4538339, 9813013135, 9813768590
Email: chandrakamna05@gmail.com, Web.: www.chandrakamanamanpower.com

## साउदीमा रोजगार | कम्पनी: Real Juice Beverages Service Company
शहर: Saudi Arabia,Riyadh

पूर्व स्वीकृत मिति: २०८०/०४/०३ चलानी नं.: ६०२०५०५७ LT. No.: 289609 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food and Beverage Counter Worker | 27 | 0 | स. काममा दक्ष | 1000 | ३५,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन १६ गते (1 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.
Govt. Lic. No.: 821/066/067
ISO 9001 : 2015
Tokha-5, Basundhara, Kathmandu, Tel.: 01-4956654, 4955978 | 9818750078 | 9826101000
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158
BRANCH OFFICE'S:
Pokhara : 061590071 | 590070 | 9856036098 | 9825519206, Chitwan : 056-595592 | 9802909595,
Butwal : 071-533111 | 9857077841, Birtamod : 023-532754 | 9807981913, Janakpur: 9807806454 | 9851128051

## कतारमा रोजगार | कम्पनी: ISC GROUP GULF WLL
शहर: Qatar

पुर्व स्वीकृत मिति: २०७९/१२/०२ चलानी नं.: ६०१९८२५९ LT. No.: 282878 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | SUPERVISIOR | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ८९,७७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | GUARD | 106 | 5 | | 1500 | ५३,८६५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन १६ गते (1 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Mobhira Recruitment Consultancy services (P.) Ltd.
श्रम इजाजत नं. १४६९/०७४/०७५
चक्रपथ, काठमाडौं, नेपाल, फोन: ०१-४३७८८४२, ४३७८९३६,
मो.: ९८२३६६८१६०, ९८०१०८५६३९
Email: manager@mobhiraservices.com, Web: www.mobhiraservices.com

## कुवेतमा रोजगार
कम्पनी: TRIPLE FRONT GENERAL TRADING CO.WLL
शहर : KUWAIT

पूर्व स्वीकृत मिति: २०८०/०४/०८ चलानी नं.: ६०२०५१२४ LT. No.:289903

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner/helper/guiders | 15 | 10 | स. काममा दक्ष | 100 | ४२,६६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८० साउन १६ गते (1 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदाले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदाले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदाले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु १०,०००/ कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

निलकमल ह्युमन रिसोर्स प्रा. लि.
Gov. lic. No. 793/065/66
सिनामंगल-९, एयरपोर्ट (शम्भुमार्ग रोड नं. ४) काठमाडौं नेपाल
फोन: ५९१६७१३, ५९१६७१४, मो.: 9818394474, 9823614160
Email: documentation@neelkamalnepal.com, Web.: neelkamalnepal.com
Chitwan branch: 056598203 | Jhapa Branch: 023590316 |

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी: Draieh Contracting WLL शहर: Qatar,Doha
पूर्व स्वीकृत मिति: २०८०/०४/०८ चलानी नं.: ६०२०५१२९ L.T. No.: 289873

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOURER | 40 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 1 | 0 | | 1400 | ५०,२७४ | | | | | | | |
| 3. | MASON | 23 | 0 | | 1100 | ३९,५०१ | | | | | | | |
| 4. | Carpenter | 1 | 0 | | 1100 | ३९,५०१ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० साउन १६ गते (1 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

QATAR INTERNATIONAL MANPOWER PVT. LTD. 2022
Gov. Lic. No. 1578/079/80
Tokha-05, Basundhara, Kathmandu
Ph. No.: 01-5914971
Mobile : 9849664971
E-mail: info@qim.com.np

## कतारमा रोजगारको अवसर | १. कम्पनी: WADI LUSAIL LIL MUKIFAT
शहर : DOHA

पुर्व स्वीकृत मिति: २०८०/०१/०८ चलानी नं.: ६०२००५५६ L.T. No.: 285141 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 13 | 0 | स. काममा दक्ष | 1200 | ४३०९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन १६ गते (1 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

अल-हरमैन एच.आर. प्रा. लि.
श्रम इजाजत पत्र नं.: ११६०/०७३/०७४
पो.ब.नं. २१२५३, सिनामंगल-९, काठमाडौ, नेपाल, फोन: ०१-४११०९१२
Email: alharmainhr@gmail.com, info@alharmain.com.np, Web: www.alharmain.com.np



मध्यान्ह
www.madhyanhadaily.com
१ साउन २०८०, मंगलबार
25 July 2023, Tuesday

सम्पादकीय

## देउवाले पूरा गर्नुपर्ने दायित्व

नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले जारी केन्द्रीय कार्य समिति बैठकबाटै संसदीय दलको नेता परिवर्तनको प्रयास निरन्तर गरिरहने बताएका छन् । गत २ साउनदेखि केन्द्रीय मूख्यालय सानेपामा बसिरहेको बैठकमा सभापति शेरबहादुर देउवा निकट केन्द्रीय सदस्यहरूले महामन्त्री थापाको चर्को आलोचना गरेका थिए । सभापति देउवाविरूद्ध महामन्त्री थापाले अभिव्यक्ति दिइरहँदा पार्टी बलियो नहुने अधिकांश केन्द्रीय सदस्यहरूको तर्क थियो । सोमबार ती प्रश्नहरूको जवाफ दिने क्रममा महामन्त्री थापाले सभापति देउवाकै छेऊमा उभिएर आफ्नो अडान कायम राखे । गत ५ पुसमै देउवाविरूद्ध थापाले संसदीय दलको नेतामा प्रतिस्पर्धा गरेको र फेरि पनि दलको नेता परिवर्तनमा निरन्तर लाग्ने उनले अडान लिए । आफ्नो अडानको अर्थ पार्टी विभाजन नभएको थापाको प्रष्टोक्ति थियो ।

तर आगामी चुनावमा कांग्रेसलाई बलियो बनाउन पनि दलको नेता परिवर्तन गर्नुपर्ने तर्क महामन्त्री थापाले गरे । महामन्त्री थापालाई साथ दिने नेताहरूले पनि देउवाको चर्को आलोचना गरेका थिए । देउवाका विश्वास पात्र रहेका बालकृष्ण खाँणलाई निलम्बन गरेर अगाडि बढ्नुपर्ने प्रस्ताव पनि महामन्त्री थापासहित नेताहरूले राखे । यी सबै प्रश्नको जवाफ उपसभापति पूर्णबहादुर खड्काले दिए । तर बैठक चलेको छैटौ दिनसम्म सभापति देउवाले आफ्नो कुरा राखेका छैनन् । एक उद्घोषक बनेर केन्द्रीय समिति बैठक सभापति देउवाले चलाइरहेका छन् । एकपछि अर्का केन्द्रीय सदस्यलाई बोल्ने पालो तोक्ने, उनीहरूलाई समयभित्र कुरा राख्न ताकेता गर्ने र बेलाबेला मन परेको कुरामा हाँस्ने गरिरहेका छन् ।

यी सबै दृष्यलाई सभापति देउवाले पार्टीको फेसबुक पेजबाट प्रत्यक्ष प्रशारण गरिदिए । कतिपय केन्द्रीय सदस्यलाई बैठक प्रत्यक्ष प्रशारण भइरहेकाले स्वयम् हुन बेलाबेला आग्रह गरे । अर्थात् आफ्नै विकल्प खोज्ने महामन्त्री थापादेखि डेढ सय केन्द्रीय सदस्यहरूलाई ७६ वर्षीया सभापति देउवाले ६ दिनसम्म धैर्यतापूर्वक सुने, बैठकलाई प्रत्यक्ष प्रशारण गरेर कार्यकर्तासम्म ती कुरा पुऱ्याए । नेपालको राजनीतिक इतिहासमा यो बिरलै देखिने दृष्य हो । जबकी बैठक बस्नु अगाडिसम्म सभापति देउवाको अर्को आलोचना भइरहेको थियो । महाधिवेशन सकिएको डेढ वर्षसम्म पार्टी निर्णय नगर्ने र एक वर्षसम्म केन्द्रीय समिति बैठक नबोलाएको आरोप देउवाले खेपिरहेका थिए । तर बैठक सञ्चालन भइरहँदा देखिएको दृष्यले उनको आलोचनाको मात्रा घटेको छ । पुरानो र विश्वासिलो लोकतान्त्रिक दलको परिचय स्थापित गराउने प्रयत्न गरेका छन् । तर यतिले मात्रै देउवाको दायित्व पूरा हुँदैनन् । लोकतान्त्रिक दलको परिचय दिन बैठक अगाडि उठेका प्रश्नहरूको समेत देउवाले निर्णयबाट जवाफ दिनुपर्नेछ । मौन बसेर, नेताहरूको कुरा सुनेर र त्यसलाई प्रत्यक्ष प्रशारण गरेर मात्रै उनको दायित्व पूरा हुँदैन ।

# संकटमा पुर्खौली पेशा र जातजाति

अग्रलेख



● निष्णु थिङ



त्रिवि मानवशास्त्र विभाग र इष्ट वेष्ट सेन्टर हवाई अमेरिकाले अहिले 'सोसिन-सोता अनुसन्धान परियोजना' सञ्चालन गर्दैछ । त्यस परियोजनाको शीर्षक 'स्टेट अफ सोसल इन्क्लुजनः अ स्टडी अफ टाइम अलोकेशन इन नेपाल' दिइएको छ । यस अनुसन्धानमा नेपालका ३५ वटा जातजातिलाई संलग्न गराइएको छ । यी जातजातिहरुले आफ्नो चौबीस घण्टा समय कसरी बिताउँछ ? महिला र पुरुषले कसरी समय बिताउँछ ? धनी र गरिबले कसरी समय बिताउँछ ? ब्राह्मण महिला, दलित महिला, आदिवासी महिला र मधेसी महिलाले आफ्नो चौबीस घण्टा कसरी बिताउँछन् ? हिमाल, पहाड र तराई मधेसका मानिसहरुले कसरी समय बिताउँछ ? विभिन्न सिजनहरुमा कसरी समय बिताउँछ र के काम गर्छन् ? त्यसको समग्र अनुसन्धान गरेर तुलनात्मक अध्ययन गर्दैछ । हाल यो अनुसन्धान परियोजना बागमती र मधेस प्रदेशमा सञ्चालित छ । यसरी समयको अध्ययन नेपालमा पहिलो पटक गरिँदैछ ।

